# कैलारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

हसुलिया, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०७७/०७८

च.नं. ३३५८

मितिः २०७७/१२/२९

कैलारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हसुलिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**श्री वडा कार्यालय सबै**
**कैलारी गाउँपालिका ।**

**विषय : दर्ता सिविर सञ्चालन सम्बन्धी सूचना टाँस गर्न तथा प्रचार प्रसार गरिदिन हुन ।**

प्रस्तुत विषयमा व्यक्तिगत घटना दर्ताको महत्व प्रचार प्रसार गर्ने अभिप्रायले वैशाख १ गतेलाई व्यक्तिगत घटना दर्ता दिवसको रुपमा र बैशाख १ देखि ७ गते सम्मलाई व्यक्तिगत घटना दर्ता सप्ताहको रुपमा मनाईदै आएको व्यहोरा विद्वितै छ ।

नेपाल सरकारले सन् २०२४ (वि.सं. २०८०) सम्ममा जन्म दर्ता शत प्रतिशत पुर्याउने र अन्य व्यक्तिगत घटनादर्तामा उल्लेख्य रुपमा वृद्धि गर्ने अन्तराष्ट्रिय प्रतिवद्दता जाहेर गरेको सन्दर्भमा उक्त प्रतिवद्दता पुरा गराउनको लागि व्यक्तिगत घटना दर्तालाई नागरिकको कर्तब्यको रुपमा स्थापित गराउँदै घटना दर्तालाई व्यापक रुपमा विस्तार गर्ने उद्देश्यले आगामी २०७८ सालको बैशाख १ गते देखि १६ गतेसम्म राष्ट्रव्यापी रुपमा " व्यक्तिगत घटना दर्ता अभियान तथा दर्ता शिविर" संचालन गर्नुपर्ने भएकोले प्रत्येक वडाको पायक पर्ने ३ वटै स्थानमा दर्ता शिविर संचालन गर्ने प्रबन्ध समेत मिलाइएको हुँदा दर्ता शिविरमा व्यक्तिगत घटना दर्ताको निवेदन संकलन, रुजु तथा प्रमाणपत्र जारी, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको निवेदन संकलन, लगत कट्टा लगायतका कार्य र व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा सम्बन्धी गुनासो व्यवस्थापन गर्ने कार्य गरिने भएको हुँदा सो सम्बन्धी सूचना यसै पत्रसाथ संलग्न गरी पठाइएको छ सोही अनुसार सूचना टाँस गरी सम्पूर्ण वडा भित्रका गाउँका अगुवा भलमन्साज्यूहरु, सार्वजनिक तथा निजी विद्यालय, क्लब, जनप्रतिनिधी मार्फत गाउँटोलमा सूचना प्रचार प्रसार तथा जानकारी गराई दिन हुन अनुरोध छ ।

खगेन्द्र राज जोशी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

सूचना तथा प्रविधि शाखाः कैलारी गाउँपालिकाको Website मा uploaded Popup गरिदिन हुन ।

Email Address :- kailarigaupalika@gmail.com, Web site :- www.kailarimun.gov.np

# घटना दर्ता अभियान सम्बन्धी कैलारी गाउँपालिकाको अत्यन्त जरुरी सूचना!

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँगको समन्वयमा यस कैलारी गाउँपालिकाबाट मिति २०७८ साल बैशाख १ देखि १६ गतेसम्म घटना दर्ता अभियान तथा दर्ता शिविर संचालन हुने भएकोले देहायको स्थान र मितिमा दर्ता शिविर संचालन हुने भएकोले व्यक्तिगत घटना दर्ता गर्न बाँकी भएका तथा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य नागरिकहरुले आफ्नो वडा कार्यालय वा पायक पर्ने दर्ता शिविरमा उपस्थित भई जन्म, मृत्यु, विवाह, सम्बन्ध बिच्छेद र बसाईसराईजस्ता व्यक्तिगत घटना अनिवार्य रुपमा दर्ता गरौं/ गराऔं ।

तपसिलः

| वडा नं | शिविर सञ्चालन हुने स्थान | मिति |
|---|---|---|
| १ | क) बिसनपुर गोलघर | २०७८/०१/०२ |
| | ख) मनाउँ आ.स्वा.केन्द्र | २०७८/०१/०३ |
| | ग) छिमानन्द आ.वि हसुलिया | २०७८/०१/०४ |
| २ | क) जनकल्याण निमावि, कैलाली | २०७८/०१/०२ |
| | ख) सरस्वती प्रावि, मझरा | २०७८/०१/०३ |
| | ग) वडा कार्यालय उजलिसेमर | २०७८/०१/०४ |
| ३ | क) शिवरत्नपुर/मोहनपुर | २०७८/०१/०८ |
| | ख) दक्षिण भडरी चौक | २०७८/०१/०९ |
| | ग) वडा कार्यालय | २०७८/०१/१० |
| ४ | क) खल्ला के गाउँ मोहन्याल मन्दिर | २०७८/०१/०५ |
| | ख) नवलपुर चौराह | २०७८/०१/०६ |
| | ग) कालिमाई स्कूल | २०७८/०१/०७ |
| ५ | क) मनकामना प्रा.वि. मनकापुर | २०७८/०१/०५ |
| | ख) साझा घर बडकीपलिया | २०७८/०१/०६ |
| | ग) जनकल्याण मावि पवेरा | २०७८/०१/०७ |
| ६ | क) बेनौली अपरम्पार स्कूल | २०७८/०१/०८ |
| | ख) ६ नं. वडा कार्यालय | २०७८/०१/०९ |
| | ग) धर्मापुर सरस्वति मावि नजिक | २०७८/०१/१० |
| ७ | क) रतनपुर साझाघर | २०७८/०१/११ |
| | ख) भुइयाँफाटा साझाघर | २०७८/०१/१२ |
| | ग) वडा कार्यालय | २०७८/०१/१३ |
| ८ | क) वडा कार्यालय | २०७८/०१/१४ |
| | ख) दक्षिण तेढी सिचाई बाँध भवन | २०७८/०१/१५ |
| | ग) लोहरपुर चौराह | २०७८/०१/१६ |
| ९ | क) सामरचौरा क्लिनीक भवन | २०७८/०१/११ |
| | ख) कोइलही स्कूल | २०७८/०१/१२ |
| | ग) वडा कार्यालय | २०७८/०१/१३ |

**"घटना दर्ता गराउनु सबै नागरिकको कर्तब्य हो ।"**

प्रमुख प्रशासकीय अधिकृत

नभूल्नुहोस् है,
घटना र दर्ता अभियान,

आगामी बैशाख १ देखि १६ गते सम्म, तपाईको आफ्नै वडामा ।

व्यक्तिगत घटना घटेको ३५ दिन भित्र घटना दर्ता गरी जरिवानाबाट बचौं ।

*थप जानकारी आवश्यक भएमा आफ्नो स्थानीय तह वा विभागको टेलिफोन नम्बर ०१-४२०००१६ मा सम्पर्क गर्नुहोस् ।*